चामे गाउँपालिकाको सत्रौं गाउँसभा २०८२ असार १० गतेका दिन गाउँपालिकाका उपाध्यक्ष श्री मिङमार ढोमा लामा ज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०८२ साल असार १० गते

*सभाध्यक्ष महोदय,*

गाउँपालिकाको सत्रौं गाउँसभाको मार्गदर्शक सिदान्तको रुपमा रहेको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको दस्तावेजको रुपमा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गर्वको महसुस गरेको छु ।

सर्वप्रथम, राष्ट्रहित लोकतन्त्र, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रता, मानवअधिकार र समतामुलक समाजको निर्माणको लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

"चामे गाउँपालिका समृद्धि र विकासको द्धार पर्यटन, कृषि र जलस्रोतको मूल आधार" भन्ने दिर्घकालिन सोचलाई आत्मसाथ गर्दै स्वरोजगार कृषि, खानेपानी, दिगो पुर्वाधार तथा प्रभावकारी सेवा प्रवाह मार्फत गाउँबासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने उद्देश्यका साथ यो बजेट पेश गरेको छु ।

सभाध्यक्ष महोदय

नेपालको संबिधान संघिय तथा प्रदेश सरकारबाट जानकारी ऐन कानुन तथा गाउँ पालिकाको अर्थ बिधेयक २०८२ विनियोजन विधेयक २०८२ आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम, संघिय तथा प्रदेश सरकारका निती तथा कार्यक्रमहरू गाउँपालिका वडा स्तरीय भेलाबाट प्राप्त सुझावहरू गाउँपालिकाको विषयगत समितिका सुझाबहरू तथा दिगो विकासका लक्ष्यहरू विभिन्न सरोकार वालाको सुझाब तथा गाउँपालिका दाजुभाई तथा दिदि बहिनीहरूबाट प्राप्त महत्वपूर्ण तथा व्याहारीक सुझाबहरूनै आर्थिक बर्ष २०८२।८३ को बजेट प्रक्षेपणका आधारहरू हुन।

अब म चामे गाउँपालीकाको आर्थिक स्थितीको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ.व. को लागी अनुमानित आय रू २४ करोड ४२ लाख ५२ हजार र व्यायतर्फ रू २४ करोड ४२ लाख ५२ हजार अनुमान गरीएको थियो। अनुमानित आयमा २०८२ असार पहिलो हप्तासम्म गाउँ पालिकाले आम्दानी रू २१ करोड ९१ लाख ६१ हजार प्राप्त गरेको छ ।

व्ययतर्फ चालु शीर्षकमा रु १२ करोड ३३ लाख ९१ हजार विनियोजन भएकोमा २०८२ असार पहिलो हप्ता सम्म रु ७ करोड ६७ लाख ८४ हजार ९ सय २५ रुपैया ५५ पैसा

अर्थात ६२.२२ प्रतिशत र पूँजीगत तर्फ रु १२ करोड ८ लाख ६१ हजार ६ सय ८० रुपैया विनियोजिन भएकोमा रु ३ करोड ९० लाख ६९ हजार ३ सय ५६ रुपैया १८ पैसा अर्थात् ३२.३२ प्रतिशत गरी कुल खर्च जम्मा रु ११ करोड ५८ लाख ५४ हजार २ सय ८१ रुपैया ७३ पैसा भएको अवस्था छ ।

रु ३ करोड ७१ लाख १८ हजार गतको अल्या हुने अनुमान गरिएको छ ।

अब म आगामी वर्ष २०८२/८३ को बजेटका उद्देश्य तथा प्रथामिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- जीवन निर्वाह मुखी स्थानीय कृषि प्रणालीलाई बजार तथा उपभोक्ता मुखी कृषि प्रणालीतर्फ विकास र विस्तार गर्ने,
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा पर्यटकीय पदमार्गहरुको स्तरोन्नति गरी पर्यटन सेवालाई विविधिकरण गर्ने,
- लघु जलविधुत आयोजना निर्माण गरी आन्तरीक राजश्वको सुदृढिकरण गर्ने,
- सीपमुलक तथा स्वरोजगार प्रवर्धन गर्ने तालिम मार्फत् जनताको जीवनस्तर सुधार गर्ने,
- विपद व्यवस्थापन तथा क्षति न्युनिकरण गर्दै पुर्बाधार बिकास तथा बस्ती संरक्षणको कार्य आगाडि बढाउने,

आर्थिक वर्ष २०८२/८३ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- पुर्वाधार विकास, अधुरा आयोजनाहरुको निरन्तरता
- गुणस्तरिय शिक्षा
- आधारभुत स्वास्थ्य सेवा
- कृषि तथा पशु विकास
- विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाई तथा वृक्षारोपण
- युवा तथा खेलकुद
- सूचना प्राविधिमैत्री सार्वजनिक सेवा
- नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन र डि.पि.आर
- राजश्व प्रशासन
- कर्मचारी प्रशासन तथा जनशक्ति विकास
- लघु उद्यम विकास तथा सीपमुलक तालिम

बजेटले राखेको उद्देश्य ऐवम् प्राथामिकता कार्यन्वयन गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, अन्य स्थानीय तहहरु तथा निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

अब म चामे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अगामी आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ६ करोड ९८ लाख, सशर्त अनुदान तर्फको रु. ५ करोड ६१ लाख, केन्द्र सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ४६ लाख २ हजार, केन्द्र सरकार विशेष अनुदान (चामे सिटिहल वसपार्क संरक्षण) तर्फ रु. २ करोड २५ लाख, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ४५ लाख ४० हजार, , प्रदेश सरकार विशेष अनुदान ( चार्चे डाडामा वुद्व पार्क निर्माण ) रु.३९ लाख ८० हजार, प्रदेश सरकार समपुरक अनुदान (थानचोक खानेपानी आयोजना थनचोक निर्माण) तर्फ ६० लाख , प्रदेश सरकार शसर्त अनुदान(WASH कार्ययोजना तयारी) तर्फ २ लाख, प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. २१ लाख ५३ हजार, आन्तरिक आय (अनुमान) तर्फ रु ४० लाख ५० हजार , आन्तरिक आय (गत बर्षको नगद मौज्दात) रु ३ करोड ७१ लाख १८ हजार गरि कुल जम्मा २५ करोड १० लाख ४३ हजार अनुमान रहेको छ ।

अगामि आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिकाको समग्र लगानीलाई क्षेत्रगतरुपमा बाँडफाँड गर्दा सशर्त अनुदान तर्फ शिक्षामा रु. ४ करोड ५४ लाख ३८ हजार , स्वास्थ्यमा १ करोड ४ लाख १६ हजार, लघु उद्यम विकास कार्यक्रममा रु. १० लाख २८ हजार, राष्ट्रिय परिचय पत्र पञ्जिकरण रु.२ लाख ४९ हजार, प्रधानमन्त्री रोजगार कार्यक्रम १५ लाख ५० हजार, लगाय अन्य विभिन्न शिर्षकमा र संघ वित्तीय समानीकरण तर्फबाट पूँजीगत खर्चमा रु. ६ करोड ९८ लाख, सशर्त अनुदान चालुमा रु.४ करोड ८९ लाख गरि कुल जम्मा २५ करोड १० लाख ४३ हजार १ सय ५२ रुपैयाँ मात्र अनुमानित बजेट विनियोजन गरी आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

अब म चामे गाउँपालिकाका जनताको हित र उन्नती एवं चामे बासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक, वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) पूर्वाधार विकास

**सडक**

१. चामे गाउँपालिका भित्रका सबै सडकहरु ढलान गर्ने कार्यका लागी बजेटको सुनिश्चित गरेको छु ।

**सिंचाई**

२. कृषि क्षेत्रमा सिंचाईको पहुंच बढाउन गाउँपालिका क्षेत्रभित्रका खोला नालाको पहिचान गरी सिंचाईको सुविधा नभएका कृषि क्षेत्रहरुमा सिंचाई आयोजना सञ्चालन मार्फत सिंचाई सुविधा उपलब्ध गराइनेछ।

**विद्युत**

३. चामे गाउँपालिका गौरवको आयोजना अन्तर्गत चामे ठाडो खोला लघु जलविद्युत निर्माण कार्य गर्ने बजेटको व्यवस्था गरेको छु ।

४. चामे गाउँपालिकाको बजार क्षेत्रमा विद्युत, टेलिफोन, सि.सि.टि.भि.को लाइनहरु अन्डरग्राउण्ड गरि व्यवस्थित रुपमा संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।

**भवन तथा बस्ती विकास**

## (ख) सामाजिक

**स्वास्थ्य**

५. नाक कान घाटी तथा मुख स्वास्थ्य सम्बन्धी विद्यार्थिहरुलाई स्वास्थ्य परिक्षण गर्न २ लाख विनियोजन गरको छु ।

६. बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनको लागि रु ५ लाख विनियोजन गरेको छु ।

७. सव वहान खरिदको लागि ५ लाख विनियोजन गरेको छु ।

**शिक्षा**

८. सामुदायिक विद्यालयलाई गुणस्तरिय पठनपाठनको लागि विद्यार्थीको रोजाईमा पर्ने अवस्थामा पुऱ्याउन चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालयको आवासीय कार्यक्रम रु. ४० लाख अनुदान र तिमाङको गौरीशंकर आधारभूत विद्यालयमा दिवा आवासिय कार्यक्रमलाई रु. २२ लाख बिनियोजन गरेको छु ।

९. स्थानीय पाठ्यपुस्तक (कक्षा १-५) लाई रङ्गिन किताब छपाई गर्न ३ लाख ५० हजार विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१०. खानेपानी सामाग्री फिटिङ खरिदको लागि रु. १ लाख बिनियोजन गरेको छु ।

११. विद्युत सिसि टिभि नेट तार अण्डरग्राउण्ड गर्न रु.५५ लाख वजेट विनियोजन गरेको छु ।

**खेलकुद**

१२. गाउँपालिकास्तरीय खेलकुदको विकासमा टेवा पुऱ्याउन आगामी वर्ष चामे गाउँपालिकाका युवाहरुलाई विभिन्न खेलकुद कार्यक्रम संचालन गर्न रु.१० लाख वजेट विनियोजन गरेको छु ।

**महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**

१३. जेष्ठ जागरिक, दलित,अपाङ्ग तथा बालबालिकालाई सामान खरिद गर्न रु. ५ लाख वजेट विनियोजन गरेको छु ।

**कानुनी मामिला तथा न्याय**

१४. न्यायीक समिति र वडा स्तरीय मेलमिलापकर्ता तालिम गर्न रु. १० लाख वजेट विनियोजन गरेको छु ।

**(ग) आर्थिक**

**कृषि तथा पशुपंक्षी**

१५. विभिन्न कृषि सामाग्रि अनुदानमा वितरण गर्नको लागि ४ लाख विनियोजन गरेको छु ।

१६. विभिन्न प्राङ्गारिक मल वितरण गर्नको लागि ८ लाख विनियोजन गरेको छु ।

१७. उन्नत तरकारीको बिउ वितरण कार्यक्रमको लागि रु. ५ लाख वजेट विनियोजन गरेको छु ।

१८. वडा नं. २ अन्तर्गत कार्यक्रम संचालन हुने गरी कृषि मेसिनरि औजार तथा उपकरण खरिदको लागि १० लाख विनियोज गरेको छु।

१९. भ्याक्सिन र औषधी तथा उपकरण खरिद कार्यक्रमको लागि रु. ७ लाख वजेट विनियोजन गरेको छु ।

२०. पशु पौष्टिक आहार कार्यक्रमको लागि ५ लाख विनियोज गरेको छु ।

**उद्योग**

२१. मेडपा कार्यक्रमलाई आगामी आ.व.०८२।०८३ मा निरन्तरता दिन गाउँपालिका स्तरीय सीपमुलक तालिम कार्यक्रमको लागि रु. १४ लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटन तथा संस्कृति विकास**

२२. चामे बजार क्षेत्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न मर्मत तथा रंगरोगन कार्यको लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु ।

२३. धर्म संस्कृति प्रवर्धन लछ्याङ दच्याङ पर्व संरक्षण लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

२४. वडा नं. ४ चामेमा गुरु पद्मम संभव फाउण्डेसन पार्क निर्माण लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

**सहकारी**

**व्यापार**

२५. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ।

२६. पालिका भित्र संचालन भएका विभिन्न व्यवसायहरु लाई पालिका भित्र अनिवार्य दर्ता गराई करको दायारा भित्र ल्याउने नीति रहेकोछ ।

२७. चामे गाउँपालिका भित्रका व्यवसायीहरुलाई प्रोत्साहन गर्न अनुदानमा विभिन्न सामग्री वितरण गर्न बजेटको व्यवस्था गरेको छु ।

**उपभोक्ता हित संरक्षण**

२८. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्य गराइनेछ।

२९. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ।तोकेको समय र स्थानबाट मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था गराइनेछ ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन, वातावरण तथा भू-संरक्षण, जल उत्पन्न प्रकोप व्यवस्थापन**

३०. खोला तथा नदीमा नदीजन्य पदार्थ जम्मा भइ हुन सक्ने जोखिमबाट गाउँबस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ।साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने नदी कटान तथा बस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराइनेछ।

**विपद् व्यवस्थापन**

३१. चामे गाउँपालिकाको विपद उध्दार सामाग्री खरिद र सचेतना कार्यक्रमको लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

**(ङ) संस्थागत विकास, संचार र प्रविधि**

३२. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ। कर्मचारीबाट "मुस्कान सहितको नागरीक सेवा प्रवाह" गर्ने कार्य शैली अवलम्वन गरिनेछ।

**सुरक्षा व्यवस्थापन**

३३. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूती गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन सुरक्षा चामे बजारमा सिसि क्यामेरा जडान गर्न रु. १० लाख बजेट व्यवस्था गरिएको छ ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

३४. अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्णरुपमा बिस्तार गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ।

३५. कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ।

३६. पञ्जिकरण कार्यको लागी पञ्जिकरण शाखामा कार्यरत कर्मचारीलाई संघीय सरकारको नीति अनुसार अपुग ५० प्रतिशतले हुन आउने रकम रु. ४ लाख ५० हजार विनियोजन गरेको छु ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

३७. गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनालाई जनसहभागितामूलक बनाउने कार्य गरिनेछ ।

**सुशासन प्रर्वद्धन**

३८. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सर्वसुलभ बनाई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न कर्मचारीलाई क्षमता विकास सम्वन्धी तालिम गर्न रु. १० लाख बजेटको व्यवस्था गरेको छु ।

३९. नेपाल सरकारबाट निजामती कर्मचारीका लागि घोषणा गरिए अनुसार चामे गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलव यथावत गरिनेछ । स्थानीय तहको तहगत संरचना अनुसार तलब स्केल कायम गर्न वजेट व्यवस्था गरेको छु ।

४०. सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीलाई कामप्रति जवाफदेही, जिम्मेवारी, उत्तरदायी र अभिप्रेरित गर्न पुरस्कार एवं सम्मानका कार्यक्रम प्रदान गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु ।

**संचार**

४१. गाउँपालिकाबाट प्रवाह गरीने सूचनामा सबैको सहज पहुँज र सूचना प्रवाहमा सरलीकरण गर्नको लागि बजेट व्यवस्था गरेको छु ।

४२. पालिकाबाट प्रदान गरिने सूचनाहरुमा पारदर्शिरुपमा सबैको समान पहुच हुने गरी तोकिएको सूचना अधिकारी तथा कार्यलयको वेवसाईट, ईमेल, पालिकाको सामाजिक संजाल मार्फत प्रदान गर्ने जानकारीको लागि सम्पुर्ण वडा सचिव र शाखा प्रमुखलाई त्रैमासिक रुपमा बैठक संचालन गर्न बजेटको व्यवस्था गरेको छु ।

४३. सूचना प्रविधिमैत्री गाउँपालिकाको रुपमा स्थापित कार्यलाई निरन्तरता दिईने छ।

**युवा तथा रोजगार**

४४. कृषि तथा पशु व्यवसायमा संलग्न उधमशिल युवालाई सिपमुलक तालिमका साथै अभिप्रेरणाका कार्यक्रहरुको लागि कार्यक्रम संचालन गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

४५. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४६. आगामी आर्थिक वर्ष २०८२/८३ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. २५ करोड १० लाख ४३ हजार १ सय ५२ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु खर्च तर्फ रु. १२ करोड २९ लाख ६३ हजार १ सय ५२ अर्थात् ४८ प्रतिशत र पूँजीगत खर्च तर्फ रु. १२ करोड ८० लाख ८० हजार अर्थात् ५२ प्रतिशत रहेको छ ।

४७. आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक तर्फको राजस्वबाट रु.४० लाख ५० हजार, नगद मौज्दात रु. ३ करोड ७१ लाख १८ हजार, केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ६ करोड ९८ लाख, सशर्त अनुदान तर्फको रु. ५ करोड ६१ लाख, केन्द्र सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड ४६ लाख २ हजार, केन्द्र सरकार विशेष अनुदान (चामे सिटिहल वसपार्क संरक्षण) तर्फ रु. २ करोड २५ लाख, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ४५ लाख ४० हजार, , प्रदेश सरकार विशेष अनुदान ( चार्चे डाडामा वुद्र पार्क निर्माण) रु.३९ लाख ८० हजार, प्रदेश सरकार समपुरक अनुदान (थानचोक खानेपानी आयोजना थनचोक निर्माण) तर्फ ६० लाख , प्रदेश सरकार शसर्त अनुदान(WASH कार्ययोजना तयारी) तर्फ २ लाख, प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. २१ लाख ५३ हजार गरि कुल जम्मा २५ करोड १० लाख ४३ हजार १ सय ५२ रुपैयाँ अनुमान गरेको छु ।

*सभाध्यक्ष महोदय,*

४८. पालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तापनि भरसक संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।

## आर्थिक वर्ष : २०८२/०८३ बजेट ०८२असार १० गतेको १७ औ गाउँसभामा पेश हुने बजेट विधेयक

## अनुसूची-१

आर्थिक वर्ष : २०८२/०८३ बजेट ०८२ असार १० गतेको १७ औ गाउँसभामा प्रस्तुत बजेट विधेयक

अनुसूची-१

रकम रू. हजारमा

| क. सं. | अनुदान संख्या | बजेट प्रासिका स्रोत | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | केन्द्र सरकार समानीकरण अनुदान | ०.०० | ६९८००.०० | | ६९८००.०० |
| २ | | केन्द्र सरकार राजस्व बाँडफाँड | ४४६०२.१५२ | ०.०० | | ४४६०२.१५ |
| ३ | | केन्द्र सरकार सशर्त अनुदान | ४८९००.०० | ७२००.०० | | ५६१००.०० |
| ४ | | केन्द्र सरकार बिशेष अनुदान (चामे सिटिहल बसपार्क संरक्षण) | ०.०० | २२५००.०० | | २२५००.०० |
| ५ | | प्रदेश सरकार समानीकरण अनुदान | ८४०.०० | ३७००.०० | | ४५४०.०० |
| ६ | | प्रदेश सरकार राजस्व बाँडफाँड | २१५३.०० | ०.०० | | २१५३.०० |
| ७ | | प्रदेश सरकार शसर्त अनुदान WASH (कार्ययोजना तयारी) | २००.०० | ०.०० | | २००.०० |
| ८ | | प्रदेश सरकार विशेष अनुदान (चार्चे डाँडामा वुद्ध पार्कनिर्माण) | ०.०० | ३९८०.०० | | ३९८०.०० |
| ९ | | प्रदेश सरकार समपुरक अनुदान (थान्चोक खानेपानी आयोजना थान्चोक) | | ६०००.०० | | ६०००.०० |
| १० | | आन्तरिक आय (अनुमान) | 0 | ४०५०.०० | | ४०५०.०० |
| ११ | | आन्तरिक आय (गत वर्षको नगद मौज्दात) | ०.०० | ३७११८.०० | | ३७११८.०० |
| १२ | | आन्तरिक आय (गत वर्षको नगद मौज्दात) | | ०.०० | | ०.०० |
| | | कूल जम्मा | ९६४५५.१५२ | १५४५८८.०० | ०.०० | २५१०४३.१५२ |

चामे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**संचित कोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत तथा श्रोतगत बजेट बिबरण**

आर्थिक वर्ष : २०८२/०८३ बजेट ०८२ असार १० गतेको १७ औ गाउँसभामा प्रस्तुत बजेट विधेयक

**अनुसूची २** रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार -१- | राजस्व बाँडफाँड-प्रदेश सरकार -२- | नेपाल सरकार-समानिकरण अनुदान -३- | आन्तरिक स्रोत -४- |
|---|---|---|---|---|---|---|---|
| 1 | 21111 | पारिश्रमिक कर्मचारी | ११८०० | ११८०० | | | ०. |
| 2 | 21112 | पारिश्रमिक पदाधिकारी/सुविधा | ६६६८ | ६६६८ | | | ०. |
| 3 | 21112 | पदाधिकारी विमा | २७० | २७० | | | ० |
| 4 | 21121 | पोशाक | ४२० | ४२० | | | ० |
| 5 | 21131 | स्थानीय भत्ता | २१५० | २१५० | | | ० |
| 6 | 21132 | महंगी भत्ता | १०८० | १०८० | | | ० |
| 7 | 21134 | कर्मचारी बैठक भत्ता | ८०० | ८०० | ० | | ० |
| 8 | 21139 | अन्य भत्ता | ५० | ५० | ० | | ० |
| 9 | 21141 | पदाधिकारी बैठक भत्ता | ५०० | ५०० | | | |
| 10 | 21211 | कर्मचारी सामाजिक सुरक्षा कोष खर्च | १००० | ० | | | १००० |
| 11 | 21214 | कर्मचारी कल्याण कोष | ८०० | १४२ | ५०० | | १५८ |
| 12 | 22111 | पानी तथा बिजुली | ९५० | ९५० | | | ० |
| 13 | 22112 | संचार महसुल | ३०० | ३०० | | | ० |
| 14 | 22212 | इन्धन (कार्यालय प्रयोजन) | १००० | १००० | | | ० |
| 15 | 22213 | सवारी साधन मर्मत खर्च | २००० | २००० | | | ० |
| 16 | 22214 | बिमा तथा नवीकरण खर्च | ६०० | ६०० | | | |
| 17 | 22221 | मेशिनरी तथा औजार मर्मत सम्भार तथा | ५०० | ५०० | | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सञ्चालन खर्च | | | | | |
| 18 | 22311 | मसलन्द तथा कार्यालय सामाग्री | १००० | १००० | | | |
| 19 | 22314 | इन्धन-अन्य प्रयोजन | ३०० | ३०० | ० | | ० |
| 20 | 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ९५० | ६५० | ३०० | | ० |
| 21 | 22411 | सेवा र परामर्श खर्च | ५०० | ५०० | | | ० |
| 22 | 22412 | सूचना प्रणाली तथा सफ्टवेयर संचालनसंग सम्वन्धीत खर्च | ३०० | ३०० | ० | | ० |
| 23 | 22413 | करार सेवा शुल्क | ३१५० | ३१५० | ० | | ० |
| 24 | 22414 | सरसफाई सेवा शुल्क | ५०० | ५०० | | | ० |
| 25 | 22529 | विविध कार्यक्रम खर्च | ३०० | ३०० | | | ० |
| 26 | 22611 | अनुगमन, मूल्यांकन खर्च | ४०० | २०० | २०० | | ० |
| 27 | 22612 | भ्रमण खर्च | २००० | २००० | | | ० |
| 28 | 22711 | विविध/अतिथि सत्कार खर्च | १२०० | १२०० | ० | | 0 |
| 29 | 22711 | वडा कार्यालय संचालन खर्च (विभिन्न शिर्सक) | ७५० | ७५० | ० | | ० |
| 30 | 22721 | सभा सञ्चालन खर्च | ६०० | ६०० | | | ० |
| 31 | 25315 | अन्य संस्था सहायता | २०० | २०० | | | ० |
| 32 | 28142 | घर भाडा | ५५५ | ० | ५३० | | २५ |
| 33 | 28143 | सवारी साधन तथा मेशिनर औजार भाडा | ५०० | ५०० | | | ० |
| 34 | 22413 | एम आइ एस अपरेटर फिल्ड सहायकहरुको थप तलव चाडपर्व र पोशाक समेत | ४५० | ० | ० | | ४५० |
| 35 | 21111 | बालविकास शिक्षिका विद्यालय कर्मचारी स.का. थप पारीश्रमिक | १००० | ६०० | ४०० | | ० |
| 36 | 21111 | सूचनाको हक सम्वन्धी कार्यक्रम तथा बैठक खर्च | १०० | १०० | ० | | ० |
| 37 | 22315 | मायाको चिनो निर्माण/छपाइ/खरिद | ३०० | ५९ | २२३ | | १९ |
| 38 | 21111 | न्यायीक सहजकर्ताको थप तलव | २१० | २१० | | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 39 | 21111 | मनोसामाजिक परामर्श कर्ता थप तलव | २५४ | २५४ | ० | | ० |
| 40 | 21141 | वडा सचिवहरुलाइ सुरक्षीत बैदेशिक रोजगारम्वन्धी बैठक | ७६ | ० | ० | | ७६ |
| 41 | 22612 | कर्मचारी जन प्रतिनिधी अध्ययन अवलोकन सिकाइ भ्रमण | १००० | ० | | | १००० |
| 42 | 22511 | क्षमता विकास तालिम | १००० | १००० | | | |
| 43 | 22522 | चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन कार्यक्रम ड्राइभर र सहयोगी समेत | १००० | ० | | | १००० |
| 44 | 28911 | भैपरी आउने चालु खर्च | १०००.१५ | १०००.१५२ | ० | | ० |
| | | **कूल जम्मा =** | ५०४८३.१५ | ४४६०२.१५ | २१५३.०० | ०.०० | ३७२८.०० |
| | | | | ०.००० | ० | ० | ३७४४०.०० |
| | | | | ४४६०२.१५२ | २१५३.०० | | ४११६८.०० |
| | | | | | | | ३७११८.०० |
| | | | | | | | ४०५०.०० |

(ख) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

| | | रकम रू. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -1- | प्रदेश सरकार-समानिकरण अनुदान -2- | राजस्व बाँडफाँड-प्रदेश सरकार -3- | आन्तरिक स्रोतको गतको अल्या -4- |
| 1 | ३११२२ | मेसीनरी तथा औजार | ८००.०० | ०.०० | | | ८००.०० |
| 2 | ३११२२ | विपद उध्दार सामाग्री खरिद तथा | ६००.०० | ६००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तालिम | | | | | |
| 3 | ३११२३ | फर्निचर खरीद | १०००.०० | १०००.०० | | | |
| 4 | २२३१५ | स्थानीय विपद व्यवस्थापन प्रतिकार्य योजना तयार र प्रकाशन । | १००.०० | १००.०० | | | |
| 5 | ३११५६ | खानेपानी तथा ढल मर्मत | २००.०० | ०.०० | | | २००.०० |
| 6 | ३११५६ | खानेपानी सामग्री खरिद (फिटिङ सामग्री,अन्य आवश्यक समाग्री) | १००.०० | १००.०० | | | |
| 7 | २२५२२ | गाउँपालिका स्तरीय नयाँ उद्यमी सृजना तथा विविध कायक्रम-लघुउद्यम | १४००.०० | ६४०.०० | ७६०.०० | | |
| 10 | ३११६० | चामे गा पा भित्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न मर्मत तथा रंगरोगन कार्य | १२००.०० | ०.०० | १२००.०० | | |
| 11 | ३११२२ | मिटिङ हलको लागी स्मार्ट बोर्ड र माइक्रो फोन खरीद | १०००.०० | ०.०० | | | १०००.०० |
| 12 | ३११५१ | चामे गापा भित्र सडक सुधार | १०००.०० | १०००.०० | | | |
| 15 | ३११६१ | गाउँपालिका भवनमा विद्युत वायरीङ, सौचालय र अन्य संरचना मर्मत | १०००.०० | १०००.०० | | | |
| 17 | ३११३५ | मोटरेवल पूलबाट तातो पानी कुण्ड डिपिआर निर्माण | १०००.०० | | | | १०००.०० |
| 18 | ३११३५ | गा.पा.भित्र विभिन्न क्षेत्र IEE | १०००.०० | | | | १०००.०० |
| 19 | ३११२२ | फोहरमैला व्यवस्थापन मेसिन खरिद | १०००.०० | | | | १०००.०० |
| 20 | ३११३१ | रैथाने वाली संकलन चक्रिय कोष | ३००.०० | ३००.०० | | | ०.०० |
| 21 | २२५११ | न्यायीक समिति समवन्धी तालिम तथा विविध कार्यक्रम | १०००.०० | ६६०.०० | | | ३४०.०० |
| 23 | 31160 | चामे गा.पा. सडक वत्ती जडान मर्मत कार्यक्रम | २०० | ० | | | २०० |
| 24 | २२५२२ | सार्वजनिक सुनुवाई | ३००.०० | ३००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 25 | २२५२२ | प्रहरी संगको समन्वयमा सचेतना कार्यक्रम | २५०.०० | २५०.०० | | | |
| 26 | ३११२२ | प्रहरी कार्यालयसंग समन्वयमा सीसी टीभी जडान र विस्तार | १०००.०० | १०००.०० | | | |
| 27 | 22212 | इन्धन (फोहर मैला व्यवस्थापन ट्र्याक्टर) | ५०० | ५०० | | | |
| 30 | 22522 | आवधीक योजना निर्माण | १००० | ० | | | १००० |
| 30 | 22522 | आवधीक योजना पुस्तक छपाइ | २५० | ० | | | २५० |
| 31 | 22522 | धर्म संस्कृति प्रवर्धन लछ्याङ दच्याङ पर्व | ५०० | ५०० | | | |
| 32 | 31135 | मध्यम कालिन खर्च संरचना निर्माण | ३०० | ० | | | ३०० |
| 33 | 31123 | चामे ठाडोखोला बिद्युत आयोजना स्थल वातावरण प्रभाव मुल्याङकन क्रमागत | ९०० | ० | | | ९०० |
| 34 | 31122 | चामेगाउँपालिका भित्रका मूल बाटो र सहायक बाटोको व्यात्तीगत जग्गा लगत कट्टा गर्ने | ५०० | ५०० | | | ० |
| 35 | 31112 | वडा नं २ कार्यालय भवन निर्माण क्रमागत | ६९०० | ० | | | ६९०० |
| 37 | 31171 | चामे सीटीहल साउण्ड एव्जरवर जडान | १००० | १००० | | | |
| 38 | 31153 | चामे विच बजार विद्युतलाइन सिसि क्यामरा फाइवर अन्डरलाइन र सडक वत्ती जडान | ५५०० | ५५०० | | | |
| 39 | 31158 | छाराताङ फोहर संकलन केन्द्र ट्रस निर्माण | २००० | २००० | | | |
| 40 | 31158 | गा.पा. फोहर व्यवस्थापन अन्तर्गत फोहर बर्गिकरण, प्याकीङ र ढुवानी | ८०० | ८०० | | | ० |
| 42 | 31156 | थान्चोक खानेपानी आयोजना थान्चोक- | ६००० | | | | ६००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | समपुरक | | | | | |
| 43 | 31158 | माडा खाद्य कार्यालय अघी ढल व्यवस्थापन | ५०० | ५०० | ० | | ० |
| 43 | 31511 | भैपरी आउने पूँजीगत खर्च | ३५०० | ० | ० | | ३५०० |
| | | महिला तथा बालवालिका | | | | | |
| 44 | 22522 | महिला र बालवालीका हरुको क्षमता विकास तालीम | ५०० | ५०० | | | |
| 29 | 22522 | जेष्ठ नागरिक/दलित/अपाङ्ग तथा बालबालिकालाई सामाग्री विवतरण | ५०० | ५०० | | | |
| 28 | 22529 | विभिन्न सभा समारोह दिवस कार्यक्रम संचालन गर्न | १००० | १००० | | | |
| | | कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम | | | | | |
| 44 | 22522 | उन्नत तरकारीको बिउ वितरण | ५०० | ५०० | | | |
| 45 | 22522 | प्राङ्गारिक मल वितरण | ८०० | ८०० | | | |
| 46 | 22522 | बाली संरक्षणको लागि विषादी तथा भिटामिन वितरण | २०० | २०० | | | |
| 47 | 22522 | निलोतुथो चुना वितरण | २०० | २०० | | | |
| 48 | 22522 | रसायनिक मलमा ढुवानी अनुदान | १०० | १०० | | | |
| 50 | 22522 | अनुदानमा कृषि सामाग्री वितरण | ४०० | ४०० | | | |
| 51 | 22522 | फलफूलको विरुवा वितरण | २०० | २०० | | | |
| 53 | 22522 | ढुवानि तथा जनशक्ति परिचालन र अन्य खर्च कार्यक्रम - कृषि | ४०० | ४०० | | | |
| | | पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम | | | | | |
| 54 | 22522 | औषधी तथा उपकरण खरिद कार्यक्रम | ७०० | ७०० | | | |
| ५५ | २२५२२ | लच्क्षीत बर्गका किसानलाइ कुखुरा र | १५०.०० | १५०.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बाखा वितरण | | | | | |
| ५६ | २२५२२ | कृषकलाइ त्रिपाल वितरण २५० जि.एस एम | ३००.०० | ३००.०० | | | |
| ५७ | २२५२२ | मोही बनाउने मेसिन वितरण | २००.०० | २००.०० | | | |
| ५८ | २२५२२ | पशु पौष्टिक आहारा वितरण कार्यक्रम | ५००.०० | ५००.०० | | | |
| ५८ | २२५२२ | ढुवानि तथा जनशक्ति परिचालन र अन्य खर्च कार्यक्रम- पशु | ४००.०० | ४००.०० | | | |
| | | शिक्षा कार्यक्रम | ०.०० | | | | |
| ५९ | २२५२२ | लोकप्रिय मा.वि आवसिय विद्यालय संचालन अनुदान | ४०००.०० | ०.०० | | | ४०००.०० |
| 2 | २२५२२ | गौरी शंकर आधारभूत विधालयमा आवासिय विधालय संचालन | २२००.०० | ०.०० | | | २२००.०० |
| 64 | 22522 | स्थानीय विषय पाठ्यपुस्तक छपाई | ३५० | ३५० | | | |
| 65 | 22522 | पालिका स्तरीय बार्षिक परीक्षा सञ्चालन ( कक्षा ८) | १५० | १५० | | | |
| 66 | 22522 | अतिरक्त क्रियाकलाप/प्रतिभा पहिचान कार्यक्रम | २०० | २०० | | | |
| 37 | 22522 | चामे गा.पा.भित्र खेलकुद कार्यक्रम | १००० | १००० | ० | | ० |
| 67 | 22522 | गाउँ शिक्षा समिति/प्रधानाध्यापकको बैठक तथा अनुगमन खाजा/भत्ता तथा विविध | २०० | २०० | | | |
| | | स्वास्थ्य कार्यक्रम | | | | | |
| 69 | 22522 | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५०० | ५०० | | | |
| 72 | 22522 | महिला सामुदायिक स्वास्थ्य स्वयसेविकाहरुलाई अर्धबार्षिक,बार्षिक समिक्षा,झोला र छाता खरिद र दिवस मनाउने खर्च बैठक खर्च | १५० | १५० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 73 | 22522 | स्वास्थ्य संस्थाहरुमा कर्मचारी मासिक बैठक , व्यवस्थापन समितिको बैठक, स्वास्थ्य आमा समूह बैठक संचालन खर्च, व्यवस्थापन समिति तालिम | ३०० | ३०० | | | |
| 74 | 22522 | स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापन, संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि तालिम | ३०० | ३०० | | | |
| 75 | 22522 | नसर्ने रोग सम्बन्धि मसिक जँच कार्यक्रम, अधिमुखिकरण कार्यक्रम , तालिम र समाग्रि खरिद | १०० | १०० | | | |
| 69 | 22522 | स्वास्थ्य संस्थाहरुमा व्यवस्थापन खर्च /प्रत्येक स्वास्थ्य संस्थामा रु 50००० का दरले | १५० | १५० | | | |
| 71 | 22522 | MSS न्युनतम मापदण्ड सेवा स्वास्थाको गुणस्तर बढाउनलाई सूचकहरुमा कार्य गर्ने र MSS गर्ने | १०० | १०० | | | |
| 73 | 22522 | प्रजनन रुग्नता स्वास्थ्य सेवा | ८० | ० | ८० | | |
| 75 | 22522 | स्वास्थ्य बिमा कार्यक्रम, बैठक समिति गठन | १०० | १०० | | | |
| 76 | 22522 | स्वास्थ्य स्वयंसेविका र आमा समूहलाइ योग तथा जिवन शैली परिवर्तन तालिम | ३०० | ३०० | | | |
| 76 | 22522 | एम डी जी पी डक्टर जोखीम र ओभरटाइम भत्ता | ११०० | ११०० | | | |
| 76 | 22522 | मनाङ डिस्याङ, नासौं, नार्पा र चामे गाउँपालिकाको साँझेदारीमा सव बहान खरीद | ५०० | ५०० | | | |
| | | जम्मा = | ६३४३० | ३१८०० | २०४० | ० | २९५९० |

(ग) वडास्तरीय आयोजनाहरु

वडा नं. १ रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -1- | प्रदेश सरकार-समानिकरण अनुदान -2- | राजस्व बाँडफाँड-प्रदेश सरकार -3- | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| १ | ३१११२ | गौरीशंकर आधारभूत विद्यालयमा भान्छा घर तथा बाथरुम निर्माण | २५००.०० | २५००.०० | | | |
| २ | ३१११५६ | तिमाङ खानेपानी टंकी मर्मत | ५००.०० | ५००.०० | | | ०.०० |
| ३ | ३१११२२ | १ नं वडा व्यावसायीलाई सामाग्री अनुदान | १०००.०० | १०००.०० | | | |
| ४ | ३१११५१ | सिले झोलुङ्गे पुल निर्माण | १०००.०० | १०००.०० | | | |
| ५ | ३१११२३ | सोलार फर्नीचर सहित वडा कार्यालय व्यवस्थापन | १०००.०० | १०००.०० | | | ० |
| ६ | २५२२ | कृष्ण चरित्र संस्कृति पुनस्थापना | ५००.०० | ५००.०० | | | ० |
| ७ | ३१११५९ | थान्चोक तिमाङ गुम्बा तारबार | १०००.०० | १०००.०० | | | ० |
| ८ | ३१११५८ | तीमाङ फोहर मैला ट्रस निर्माण | २०००.०० | २०००.०० | | | ० |
| ९ | ३१११५९ | कोल्डस्टोर संचालन | १०००.०० | १०००.०० | | | ० |
| | | **जम्मा =** | १०५००.०० | १०५००.०० | ०.०० | ०.०० | ०.०० |

वडा नं. २ रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | 31151 | गौरी गाउँ देखि डाँडा गाउँ जोडने मोटर बाटोमा रेलिङ | १५०० | १५०० | | | |
| 2 | 31122 | कृषि मेसीनरी तथा औजार उपकरण खरीद | १००० | १००० | | | |
| 3 | 31221 | २ नं वडाका व्यवसायीहरुलाइ सामाग्री अनुदान | १००० | १००० | | | ० |
| 4 | 1154 | गैरी गाउँ डाँडा बस्ती संरक्षण | २००० | २००० | ० | | |
| 5 | 31160 | वडा नं २ कार्यालय भवन वायरीङ र सौचालय निर्माण | १५०० | १५०० | | | |
| 6 | 31112 | स्वास्थ्य चौकि भवन निर्माण थान्चोक साँझेदारी कार्यक्रम | ३६५० | ० | | | ३६५० |
| 7 | 31151 | सातकन्या देवी मन्दीर कम्पाउण्ड निर्माण | १००० | १००० | ० | | |
| | | जम्मा = | ११६५० | ८००० | ० | ० | ३६५० |

वडा नं. ३ | रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -4- |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५३ | कोतो बजारमा विधुत र नेट लाइन अण्डरग्राउण्ड | ५०००.०० | ५००० | ० | | ० |
| 2 | ३११२२ | ३ नं वडा व्यावसायीलाई सामाग्री अनुदान | ५००.०० | ५०० | | | ० |
| 3 | ३११५२ | कोतो हेली प्याड निर्माण | १७००.०० | | | | १७०० |
| | | **जम्मा =** | ७२००.०० | ५५०० | ० | ० | १७०० |

| वडा नं. ४ | | | | | | | रकम रू. हजारमा |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -4- |
| 1 | 31151 | पुरानो जि.प्र.का. बाट विधुत,हुलाक कार्यालय सम्मको बाटो सडक निर्माण | १००० | १००० | | | |
| 2 | 31151 | कजिनसारा ताल जाने बाटो भिरमा मोटर बाटो निर्माण | २००० | २००० | ० | | ० |
| 3 | 31158 | ठाडो लाइनमा ढल तथा बाटो पुनः व्यवस्थापन क्रमागत योजना | १००० | १००० | ० | | |
| 4 | 31112 | लमजुङ बेशक्याम्प धर्मशालामा खानेपानी व्यवस्थापन योजना | ५०० | ५०० | | | |
| 5 | 31112 | ४ नं वडा कार्यालय सोलार खरीद | ५०० | ५०० | | | |
| 6 | 31112 | बेशक्याम्प बाट स्योङ्गसम्म काजिनसारा पदमार्ग निर्माण | २००० | २००० | | | |
| 7 | 31159 | गुरु पझ्म संभव फाउण्डेसन पार्क निर्माण -क्रमागत | २००० | २००० | ० | | ० |
| 8 | 31159 | पयटन प्रवर्धनको गर्न ४ नं वडाका व्यवसायीको लागि सामाग्री अनुदान | १५०० | १५०० | ० | | |
| | | जम्मा = | १०५०० | १०५०० | ० | ० | ० |

| वडा नं. ५ | | | | | | | रकम रू. हजारमा |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको र गतको अल्या -4- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३१११२ | बडा नं ५ भवन मर्मत कम्पाउण्ड पार्टेशन र वायरीङ | १०००.०० | १०००.०० | | | ०.०० |
| 2 | ३११५८ | पारीचामे खाने पानी ढल निर्माण विद्युत सीसीटीभी अण्डर गराउण्ड | ५०००.०० | ०.०० | २५००.०० | | २५००.०० |
| 3 | ३११७० | परीचामे गुम्बा भुइ ढलान र भरेङ निर्माण | ५००.०० | ५००.०० | ०.०० | | |
| 4 | ३११६१ | मोटरेवल पूलको दाँया बाँया जालीबार निर्माण कार्य | ५००.०० | ५००.०० | ०.०० | | |
| 5 | ३११५९ | तातोपानी कुण्ड माथी जाली ट्रस निर्माण | १५००.०० | १५००.०० | ०.०० | | |
| | | **जम्मा =** | ८५००.०० | ३५००.०० | २५००.०० | ०.०० | २५००.०० |
| | | विनियोजन | १११७८० | ६९८०० | ४५४० | ० | ३७४९० |
| | | **प्राप्त बजेट सिलिङ** | ####### | ६९८००.०० | ४५४०.०० | | ३७४४०.०० |
| | | **बाँडफाँड हुन बाँकी** | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

(घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | २६३३२ | शसर्त अनुदान चालु तर्फका कार्यक्रमहरु | ४८९००.०० | ४८९००.०० | | | |
| 2 | २६३३६ | शसर्त अनुदान पूँजीगत तर्फका कार्यक्रमहरु | ७२००.०० | ७२००.०० | | | |
| | | **जम्मा =** | ५६१००.०० | ५६१००.०० | | | |

(ङ) केन्द्र सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | प्रदेश सरकार विषेश अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३१११२ | चामे सिटिहल बसपार्क संरक्षण | २२५००.०० | २२५००.०० | | | |

(च) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | प्रदेश सरकार शसर्त अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११३५ | WASH कार्य योजना तयारी | २००.०० | २००.०० | | | |

(छ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | प्रदेश सरकार समपुरक अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५९ | चार्चे डाँडामा वृद्ध पार्कनिर्माण | ३९८०.०० | ३९८०.०० | | | |

(ज) प्रदेश सरकार समपुरक अनुदान (थान्चोक खानेपानी आयोजना थान्चोक)

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार समपुरक अनुदान | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | ३११५६ | थान्चोक खानेपानी आयोजना थान्चोक | ६०००.०० | ६०००.०० | | | |

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्ष्य ज्यू कार्यपालीका सदस्यज्यू  गाउँसभा सदस्यवज्यु बिषयगत समितिहरू बिज्ञ महानुभाब सबै चामे गाउँबासी एवं अहोराज खटिने गाउँपालिकाका सम्पुर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र व्याय समेटिएको रातो किताबमा कार्यक्रम र बजेट प्रस्तुत गरीएको छ।

धन्यवाद।